# कमलामाई नगरपालिका

# सहकारी संस्था सर्वेक्षण कार्यविधि २०७६

कमलामाई नगरपालिका
नगर कार्यपालिकाको कार्यालय,
सिन्धुली
३ नं. प्रदेश

**प्रस्तावना**

स्थानीय स्तरमा छरिएर रहेको पुँजी प्रविधि तथा प्रतिभालाई सहकारी मुल्य, मान्यता र सिद्धान्त अनुरुप स्वालम्बन र पारस्परिकतामा आधारीत रहि स्वायत्त, सुशासित र संगठित संस्थाको रुपमा विकास गरि स्थानीय अर्थतन्त्रलाई दिगो रुपमा सुदृढ तुल्याउन सहकारी संस्थाहरुको प्रवर्द्धन एवम् विस्तार गर्ने कार्यलाई व्यवस्थित गर्न वान्छनिय भएकोले कमलामाई नगरपालिकाको सहकारी ऐन २०७५ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरि यो कमलामाई नगरपालिकाको सहकारी सर्वेक्षण कार्यविधि २०७६ जारी गरिएको छ। स्वीकृती मिति : २०७६।१।२९

**१. संक्षिप्त नाम र प्रारम्भ :**

क. यस कार्यविधिको नाम **“कमलामाई नगरपालिकाको सहकारी संस्था सर्वेक्षण कार्यविधि २०७६”** रहेको छ।

ख. यो कार्यविधि कार्यपालिकाले निर्णय गरेको मितिबाट प्रारम्भ हुनेछ।

**२. परिभाषा :**

(क) “संस्था” भन्नाले कमलामाई नगरपालिकाको सहकारी ऐन २०७५ को दफा ३ बमोजिम गठन भई दफा ६ बमोजिम दर्ता भएको विषयगत वा बहुउद्धेश्यीय सहकारी संस्था सम्झनु पर्छ।

(ख) “आन्तरिक कार्यविधि” भन्नाले सहकारी संस्थाले बनाएको आन्तरिक कार्यविधिलाई सम्झनु पर्छ।

(ग) “विनियम” भन्नाले सम्बन्धित सहकारी संस्थाको बनाएको विनियम सम्झनु पर्छ।

(घ) “बचत” भन्नाले सदस्यहरुले सहकारी संस्थामा जम्मा गरेको रकमलाई सम्झनु पर्छ।

(ङ) “प्रमुख” भन्नाले कमलामाई नगरपालिकाको नगर प्रमुख सम्झनु पर्छ।

(च) “प्रमुख प्रशासकीय” अधिकृत भन्नाले कमलामाई नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ।

(छ) “शेयर” भन्नाले सहकारी संस्थाको शेयर पुँजीको अंश सम्झनु पर्छ।

(ज) “संचालक” भन्नाले समितिको सदस्य सम्झनु पर्छ र सो शब्दले समितिको अध्यक्ष, उपाध्यक्ष, सचिव र कोषाध्यक्षलाई समेत जनाउँदछ।

(झ) “सदस्य” भन्नाले सहकारी संस्थाको सदस्यता प्राप्त गरेको व्यक्तिलाई सम्झनु पर्छ।

(ञ) “साधरणसभा” भन्नाले सहकारी संस्थाको साधरण सभालाई सम्झनु पर्छ।

**३. कार्यविधि लागु हुने क्षेत्र र सेवाः**

(१) कमलामाई नगरपालिकाको सहकारी ऐन २०७५ को दफा ३ बमोजिम गठन भई दफा ६ बमोजिम दर्ता भएको र सहकारी डिभिजन कार्यालयबाट हस्तान्तरण भई आएका कमलामाई नगरपालिका क्षेत्र भित्र संचालनमा रहेका विषयगत वा बहुउद्धेश्यीय सहकारी संस्था, यो कार्यविधि लागु हुन क्षेत्र हुनेछ ।

**४. सहकारी संस्था सर्वेक्षण सम्बन्धि व्यबस्था :**

क. सहकारी संस्थाको सर्वेक्षण सम्बन्धि कार्य गर्न दफा ३ बमोजिमका सहकारीहरुको लागि नगरपालिकाले अनुगमनकर्ता वा सर्वेक्षण टोली खटाई अनुगमन/सर्वेक्षण गर्ने छ । यसरी अनुगमन/सर्वेक्षण गर्दा कम्तिमा वर्षको एक पटक हुने गरि व्यबस्था मिलाउनु पर्ने छ । अनुगमन/ सर्वेक्षण टोलीको सुपरिवेक्षण प्रमुख प्रशासकीय अधिकृतले गर्नु पर्दछ ।

ख. यसरी अनुगमनकर्ता वा सर्वेक्षण टोलीले अनुसूचि १ मा व्यबस्था भए बमोजिमका फारममा उल्लेख भए अनुसारअनुगमन/सर्वेक्षण गरि प्रतिवेदन पेश गर्नु पर्ने छ ।

ग. सर्वेक्षण कार्यमा खटिएको अवस्थामा प्रत्येक संस्थाको रु. १,०००।-(एक हजार) का दरलेसर्वेक्षण टोलीलाई यातायात खर्च उपलब्ध गराईने छ । तर दैनिक भ्रमण भत्ता वा अन्य कुनै सुविधा उपलब्ध गराईएको अवस्थामा यस प्रकारको यातायात खर्च प्रदान गरिने छैन ।

**५. प्रतिवेदन सम्बन्धमा छलफल तथा निर्देशन :**

क. दफा ४ को उपदफा (ख) बमोजिम अनुगमन/सर्वेक्षण सम्पन्न भएका सहकारीहरुको प्रतिबेदन अनुसूचिमा उल्लेख भए मध्येको मध्यम र कमजोर अवस्था प्राप्त गर्ने सहकारीहरुलाई नगरपालिकाले थप सुधार गर्न निर्देशन दिन सक्ने छ । लगातार २ वर्ष सम्म सर्वेक्षण गर्दा पनि स्तर उकास्न नसकेमा सोको विवरण कार्यपालिकामा पेश गरि निर्णय भए अनुसार गर्नु पर्ने छ ।

ख. यसरी भएको सर्वेक्षणको विवरण तयार गरी अर्धवार्षिक रुपमा कार्यपालिकामा पेश गर्नु पर्दछ ।

**६. अन्तिम अधिकार :**

यस कार्यविधिको कुनैपनि विषयमा द्धिविधा भएमा अन्तिम निर्णय गर्ने अधिकार नगर कार्यपालिकामानिहित हुने छ ।

**७. अन्य व्यबस्था :**

यस कार्यविधिमा आवश्यक थपघट, हेरफेर वा संशोधन गर्न परेमा नगर कार्यपालिकाले गर्न सक्नेछ ।

**अनुसूचि १**

**कमलामाई नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय, सिन्धुली**

# सहकारी संस्थासर्वेक्षण

*सर्वेक्षणकर्ताको नाम तथा दस्तखत* ---------------------------------------------- -----------------

*सर्वेक्षण गरिएको मिति* -------------------------------------

*सहकारीको नाम* ----------------------------------------------------------------------------------------------------------

*सहकारी अवस्था* *आफ्नै भवन* ☐ *भाडामा* ☐

*सहकारीको दर्ता मिति :* -----------------------------------*सहकारीको दर्ता नं.* ---------------------------------------

*जिल्लाको नामः सिन्धुली , नगरपालिकाको नाम : कमलामाईवडा नं.----*

| सूचक | अंक भार | प्राप्तांक |
|---|---|---|
| **१ सहकारीगत परिकल्पना तथा दीर्घकालिन योजना** | | |
| क) के सहकारीको लिखित योजना छ ? | १ | |
| ख) सहकारीको योजनामा लिखित परिकल्पना र ध्येय समेटेको छ ? | १ | |
| ग) सहकारीको परिकल्पना तथा ध्येयलाई औपचारिक बैठकमा पुनरावलोकन गर्ने गरिएको छ ? | १ | |
| घ) सहकारीका उद्देश्यहरु परिकल्पना बमोजिम तयार गरिएका छन्? | १ | |
| ङ) सहकारीको उद्देश्यहरु समय समयमा पुनरावलोकन गरिएका छन्? | १ | |
| **जम्मा अङ्क** | ५ | |
| **२) सदस्यता** | | |
| क) सदस्यको परिभाषा तथा मापदण्ड स्पष्ट रुपमा विनियम वा नीतिमा उल्लेख गरिएको छ ? के सदस्यहरुलाई यसको बारेमा पूर्ण जानकारी छ ? | १ | |
| ख) सहकारीले तपशिल बमोजिमको सदस्य संरचना कायम गरेकोछ ?<br>सदस्यता जम्मा सदस्यहरुः<br>महिला : ५०% भन्दा बढि महिला सदस्यहरु :<br>बिपन्न समुदाय : ६०% भन्दा बढि बिपन्न समुदायका सदस्यहरुः | २ | |
| ग) सदस्यता बृद्धि दर :<br>१- ३ वर्ष अवधि भएको ३०% - ६०%<br>३- ६ वर्ष अवधि भएको १०% - ३०%<br>६वा सो भन्दा बढि अवधि भएको ५% - १०% | २ | |
| घ) सदस्यताको आकारः<br>१- ३ वर्ष अवधि भएको ५० - २०० सदस्य<br>३- ६ वर्ष अवधि भएको २०० - ५०० सदस्य<br>६ वा सो भन्दा बढि अवधि भएको ५०० वा सो भन्दा बढि | २ | |
| ङ) सहकारीले सदस्यता दर्ता किताब प्रयोग गरेको छ ? सहकारीको सदस्यता छाड्नेहरुको पनि अभिलेख छ ? | १ | |
| च) सहकारीको सदस्यता बृद्धि गर्ने लिखित रणनीतिक योजना छ ? | १ | |
| छ) सहकारीको रणनीतिमा लैङ्गिक समानताको नीति छ ? (महिला सहकारीको हकमा जनजाती समानता नीति छ?) | १ | |
| **जम्मा अङ्क** | १० | |

| ३) व्यवस्थापन र सुशासन | | |
|---|---|---|
| क) सहकारीको व्यवस्थापन तथा प्रशासकीय नीति लिखित रुपमा छ ? | १ | |
| ख) वर्षको एकपटक सहकारीको साधारणसभा बस्ने गर्छ ? के साधारण सभाहरुमा ५०% भन्दा बढि सदस्यहरुको उपस्थिती रहेने गर्दछ? | १ | |
| ग) विनियमको आधारमा साधारण सभामा तल उल्लेखित काम कारवाहीहरु अगाडि बढाइएको छ?<br>• सहकारीको वित्तीय प्रतिवेदन प्रस्तुत र छलफल<br>• सहकारीको प्रगति प्रतिवेदन प्रस्तुत र छलफल<br>• सहकारीको सञ्चालक समितिको चयन<br>• नीतिहरु र योजनाको निर्णय<br>• सहकारीको कार्ययोजना र भावी कार्यक्रमहरुमा छलफल तथा निर्णय | ३ | |
| घ) सहकारीको सञ्चालक समितिमा कम्तिमा ३३% महिलाको प्रतिनिधित्व छ ? यदि महिला सहकारी हो भने सिमान्तकृतहरुको सहभागिता हेर्नुहोस। | १ | |
| ङ) सहकारीको लेखा समिति र अन्य उपसमितिमा कम्तिमा ३३% महिलाको प्रतिनिधित्व छ ? यदि महिला सहकारी हो भने सिमान्तकृतहरुको सहभागिता हेर्नुहोस। | १ | |
| च) सहकारीका अध्यक्ष, सचिव, कोषाध्यक्ष र अन्य पदाधिकारीहरुले तालिम लिएका छन् ? | १ | |
| छ) समिति उपसमितिको काम कर्तव्य र अधिकार विनियममा उल्लेख गरिएकोछ ? सबै पदाधिकारीहरुले पदअनुसारको काम कर्तव्य र अधिकार निर्वाह गरेकाछन् ? | २ | |
| छ) समिति उपसमितिको नियमित बैठक बस्ने गरेकोछ ? बैठकको निर्णय पूस्तिका राख्ने गरेकोछ ? साथै निर्णयहरुको कार्यान्वयनको अवस्था हेर्ने गरेकाछन् ? | ३ | |
| ज) लेखा समितिले आन्तरिक नियन्त्रण र लेखापरीक्षणमा सहयोग तथा उपयुक्त कारवाही गरेकाछन् ? | २ | |
| झ) सहकारीले कर्मचारीलाई प्रचलित दर बमोजिम तलब भुक्तानी गरेको छ ? | १ | |
| ञ) सहकारीले सञ्चालक समितिलाई भत्ता उपलब्ध गराएकोछ ? उपलब्ध गराएको भत्ता सहकारीको क्षमता बमोजिम छ ? | २ | |
| ट) सहकारीले प्रत्येक पदका कर्मचारीको कार्यबिवरण र न्यूनतम योग्यता तोकेकोछ ? | १ | |
| ठ) सहकारीमा कार्यरत कर्मचारीहरुको कार्यकुशलता सुपरिवेक्षण तथा मुल्याङ्कन व्यवस्थित रुपमा गर्ने गरेकोछ ? | १ | |
| **जम्मा अंक** | २० | |

| | | |
|---|---|---|
| **४) तालिम तथा अभिलेख** | | |
| क) सहकारीले नयाँ सदस्यता प्रदान गर्नु अघि पूर्व सदस्य शिक्षा वा अभिमूखिकरण गर्ने गरेकोछ ? | १ | |
| ख) सहकारीका सदस्यहरुले तालिमहरु लिएका छन् ? यदि छन् भने उल्लेख गर्नुहोस्<br>१<br>२<br>३<br>४<br>५ | १ | |
| ग) सहकारीले विनियममा उल्लेख गरिए बमोजिम सदस्यहरुलाई तालिम तथा शिक्षा प्रदान गर्नेगरेकोछ ? सहकारीले नाफाबाट सदस्य शिक्षाकोषमा रकम छुट्याउने गरेकोछ ? | १ | |
| घ) सहकारीका सञ्चालकहरु लेखा अभिलेखमा प्रशिक्षितछन् ? के प्रशिक्षित पदाधिकारीहरु लेखा अभिलेख राख्न सक्षमछन् ? | १ | |
| ङ) सञ्चालक सदस्यहरुले तालिम तथा अवलोकनबाट प्राप्त गरेका अनुभवहरु (ज्ञान, सीपहरु) आदान प्रदानका लागि छलफल गर्ने र अभिलेख राख्ने गरेकाछन् ? | १ | |
| **जम्मा अंक** | ५ | |
| **५) सदस्य सेवा** | | |
| क) सहकारीले मासिक बचत संकलन गर्ने र ऋण लगानी नियमित रुपमा गर्ने गरेको छ ? | १ | |
| ख) सदस्यहरुको आवश्यकता अनुसार सहकारीले बचतमा विविधिकरण गरेको छ ? यदि छ भने बचतका प्रकारहरु उल्लेख गर्नुहोस् ।<br>१) २)<br>३) ४) | २ | |
| ग) वचतका प्रकारहरु अनुसार बचतमा फरक व्याजदर निर्धारण गरिएकोछ ? | २ | |
| घ) सदस्यहरुको आवश्यकता अनुसार सहकारीले ऋणमा विविधिकरण गर्ने गरेको छ ? यदि छ भने ऋणका प्रकारहरु उल्लेख गर्नुहोस् ।<br>१) २)<br>३) ४) | १ | |
| ङ) ऋणका प्रकारहरु अनुसार फरक व्याजदर निर्धारण गरिएकोछ ? | २ | |
| च) सहकारीले ऋण निबेदनको लेखाजोखा एक हप्ता भित्र गर्ने गरेकोछ ? | १ | |
| छ) सहकारीले ऋणको लागि धितो विनाको आवेदन लिन्छ ? (ऋणीको विगत कारोवार, चरित्र, क्षमता, सदस्य जमानी, समुह जमानी, सदस्य स्वयम्को बचत वा अन्य सदस्यको बचत जमानी) | १ | |
| ज) सहकारीले सदस्यको आयको आधारमा ऋणको किस्ता निर्धारण गरी लागु गर्ने गरेको छ ? | १ | |
| झ) महिलाहरुले पुरुषसरह कर्जाको अकार, प्रकार र सर्तहरुमा ऋण प्राप्त गर्दछन् ? ( महिला साकोसको हकमा सिमान्तकृतहरुले)<br>संक्षिप्तमा, महिलाहरुको ऋणको पहुँचमा समानताछ ?<br>*जम्मा ऋण लगानी रकम* ............................... | १ | |

| | | |
|---|---|---|
| *महिलाहरुमा मात्र लगानीमा रहेको ऋण रकम ........................*<br>*सिमान्तकृत वा सुविधाबाट बञ्चितहरुमा मात्र लगानीमा रहेको ऋण रकम* | | |
| ञ) सहकारीको छुट्टै बचत नीति छ ? | १ | |
| ट) सहकारीको छुट्टै ऋण नीति छ ? | १ | |
| ठ) सहकारीले सदस्यहरुका लागि नयाँ वस्तु तथा सेवा शुरुवात गर्दा बजार सर्वेक्षण गर्ने गरेकोछ ? यदि छ भने, लिखित छ ? | १ | |
| ड) सहकारीले अन्य वित्तीय सेवाहरु लघुवीमा वा विप्रेषण पनि सदस्य सामु ल्याएकोछ ? | १ | |
| ढ) सहकारीले सरकारी सहकारीहरु, नगरपालिका, गाउँपालिका वा अन्य गैह्र सरकारी सहकारीहरुबाट सहकारीता विकासका तालिमहरु प्राप्त गरेकोछ (प्रबर्द्धक सहकारी बाहेक)? | १ | |
| ण) सहकारीले सामाजिक कार्यक्रमहरु जस्तै : साक्षरता  परिवार नियोजन, बाल शिक्षा, वृक्षारोपण, खानेपानी जस्ता समुदायमा जनचेतना जगाउने खालका कार्यक्रमहरु सञ्चालन गरेकोछ ? | १ | |
| त) सहकारीको व्यवस्थापक वा तोकेको व्यक्तिले सदस्यलाई ऋण लगानी गर्न सक्छ ? सक्छ भने कति रकम सम्म (रु.................)? | १ | |
| थ) सहकारीको बचतमा व्याजदर हालको मुद्रा स्फ्रीतीदर भन्दा बराबर वा बढि छ ? हालको मुद्रा स्फ्रीतीदर (यस आर्थिक वर्षको अनुमानित मुद्रा स्फ्रीतीदर ६%) | १ | |
| द) सहकारीले गैरवित्तीय सेवाहरुका लागि बजेट छुट्याउने गर्दछ ? | १ | |
| **जम्मा अंक** | २० | |
| **६) भौतिक संरचना** | | |
| क) सहकारीको आफ्नो कार्यालय छ ? सहकारीको आफ्नो कागजपत्रहरु राख्न सुरक्षित छ? | २ | |
| ख) सहकारीलाई दैनिक कार्यसञ्चालनका लागि आवश्यक पर्ने उपकरणहरु ( क्याल्कुलेटर, टेलिफोन र फर्निचरहरु) छन् ? | १.५ | |
| ग) सहकारीले लेखा अभिलेखको लागि कम्प्युटर, प्रिन्टरका साथै लेखा सफ्टवयर राखेकोछ? | १.५ | |
| **जम्मा अंक** | ५ | |
| **७) लेखा अभिलेख, लेखापरीक्षण र व्यवस्थापकीय सुचना** | | |
| क) सहकारीको दैनिक कारोबारहरुको अभिलेख भौचर उठाएर राखिन्छ ?सक्कल विल तथा भरपाईहरु भौचरसंगै संलग्न गरी राखिन्छन्? | २ | |
| ख) सहकारीमा दैनिक तयार गरिएका भौचरहरुलाई खाता तथा सहायक खातामा प्रविष्टी गरिन्छ ?साथै नियमित रुपमा बाकि निकालिन्छ (मौज्दात) निकालिन्छ? | २ | |
| ग) सहकारीमा मासिक रुपमा खाता तथा सहायक खाताहरुबाट मौज्दात लिई सन्तुलन परिक्षण तयार गरिन्छ ? | १ | |
| घ) सहकारीले मुख्य खाता बाहेक आवश्यक अन्य सहायक खाताहरुको व्यवस्था गरेकोछ? | १ | |
| ङ) सहकारीले मुख्य खाता र सहायक खाताहरुको मौज्दात मासिक रुपमा भिडाउने गरेको छ ? | १ | |
| च) व्यवस्थापकले मासिक रुपमा वित्तीय विवरण, ऋणको अवस्था, सदस्यता प्रतिवेदन तयार गरी सञ्चालक समितिमा पेश गर्छन? के संचालक समितिले ती प्रतिवेदनहरुमाथि समिक्षा गर्दछन्? | २ | |

| | | |
|---|---|---|
| छ) सहकारीमा नगद व्यवस्थापन कसरी गरिएकोछ ? नगद सुरक्षित रुपमा (बाकस वा सेफमा) राखिन्छ वा बैंकमा जम्मा गरिन्छ ? | १ | |
| ज) सहकारीले व्यक्तिगत खातामा भएका बचत, ऋण र शेयरको रकम सहायक वा मुख्य खाता सँग मिलान गर्ने व्यवस्था मिलाएकोछ ? | २ | |
| झ) सहकारीले मासिक रुपमा बैंक हिसाब मिलान गर्ने गरेकोछ ? | १ | |
| ञ) सहकारीमा अर्धबार्षिक खाताबन्दीको प्रणालीलाई अवलम्बन गरेकोछ ? | २ | |
| ट) सहकारीमा अनुमानित आय व्यय विवरण र वासलात तयार गर्ने प्रणालीलाई अवलम्बन गरेकोछ ? | १ | |
| ठ) सहकारीमा आवश्यकता वा माग अनुसारका वित्तीय विवरणहरु (मासिक प्रतिवेदन भन्दा बाहेक) सञ्चालक समितिलाई पेश गर्ने गरिएको छ ? | १ | |
| ड) सहकारीले हरेक वर्ष लेखापरीक्षण गर्ने गरेकोछ ? लेखापरीक्षण प्रतिवेदनमा केही कैफियत जनाइएको छ ? यदि छ भने समयमै व्यवस्थित गरिएकोछ ? | २ | |
| ढ) लेखापरीक्षकले लेखा व्यवस्थापनका लागि सुझाबहरु दिएकाछन् ? सो सुझाबहरुलाई सञ्चालक समितिले अनुशरण तथा कार्यान्वयन गरेकोछ ? | १ | |
| **जम्मा अंक** | २० | |
| **८) आत्मनिर्भरता** | | |
| क) सहकारीको आन्तरिक पूंजी र वचतले सदस्यहरुको ऋणको मागलाई धान्न सक्छ ? यदि छैन भने सदस्यहरुको कर्जाको माग पूर्तिगर्नको लागि बाह्य ऋणमा पहुँच बढाएकोछ ? | २ | |
| ख) सहकारीको कुल सम्पत्तिको ७० देखि ८०% रकम ऋण लगानीमा छ ? | १ | |
| ग) सहकारीको ऋण असुलीको दर ९५% भन्दा बढी छ र खराब ऋण ५% भन्दा कम छ ? | १ | |
| घ) सहकारीको ऋण लगानीमा भएको आर्जन तोकिएको ब्याज दर जति नै  छ ? | १ | |
| ङ) सहकारीले ऋणको भुक्तानी ढिला गरेमा अन्य थप शुल्क/जरिवाना लिने गरेको छ ? | १ | |
| च) सहकारीमा तल उल्लेखित कार्यका लागि प्रभावकारी प्रणाली छ ?<br>• ऋण भुक्तानीको सुपरिवेक्षण<br>• भाखा नाघेको ऋणको परिभाषा<br>• किस्ता नाघेको ऋणको पहिचान<br>• भाखा नाघेको ऋणको ताकेता | २ | |
| छ) सहकारीको बचतमा १० देखि १५% तरलता छ ? जसले गर्दा सदस्यहरुको आकस्मिक बचत फिर्ता तथा लगानीलाई सहयोग गर्छ । | १ | |
| ज) सहकारीको सहकारीगत सञ्चालन आत्मनिर्भरता १००% भन्दा बढि छ ? | १ | |
| झ) सहकारीको सहकारीगत वित्तिय आत्मनिर्भरता १००% भन्दा बढि छ ? | १ | |
| ञ) सहकारीको स्थिर सम्पत्ति कुल सम्पत्तिको ५% वा सो भन्दा कम छ ? | १ | |
| ट) सहकारीको ब्याज आम्दानीले सहकारीको खर्च धान्न पुग्छ ? | १ | |
| ठ) सहकारीको आफ्नै र अनुदानको आम्दानी छुट्टाछुट्टै राख्ने लिखित व्यवस्थाछ ? | १ | |
| ड) सहकारीको बचत र ऋण सम्बन्धी खर्च बाहेक अन्य खर्चहरु राख्ने छुट्टै अभिलेखछ? सहकारीको अन्य खर्चका लागि आम्दानीका श्रोतहरु पहिचान गरेको छ ? | १ | |
| **जम्मा अंक** | १५ | |
| **कुल जम्मा** | १०० | |

## सर्वेक्षणको सारांश

| सि.नं. | सर्वेक्षण गरिएका क्षेत्रहरु | जम्मा पुर्णङ्क | प्राप्त गरेका अंक | प्रतिशत (%) |
|---|---|---|---|---|
| १ | सहकारीगत परिकल्पना तथा दीर्घकालिन योजना | ५ | | |
| २ | सदस्यता | १० | | |
| ३ | व्यवस्थापन तथा सुशासन | २० | | |
| ४ | तालिम तथा लेखा अभिलेख | ५ | | |
| ५ | सदस्य सेवा | २० | | |
| ६ | भौतिक संरचना | ५ | | |
| ७ | लेखा अभिलेख, लेखापरीक्षण तथा व्यवस्थापकीय सूचना | २० | | |
| ८ | आत्मनिर्भरता | १५ | | |
| जम्मा | | १०० | | |

| क.सं. | प्राप्ताङ्ग | स्तर |
|---|---|---|
| १. | ८० देखि माथि | अति राम्रो |
| २. | ६० देखि ७९ सम्म | राम्रो |
| ३. | ४५ देखि ५९ सम्म | मध्यम |
| ४ | ४४ सम्म | कमजोर |

- **सहकारी संस्थाको अवस्था :**

सहभागीको उपस्थिति

| सि.नं | सहभागीको नाम | पद | दस्तखत | सम्पर्क नं. |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |
| ४ | | | | |
| ५ | | | | |
| ६ | | | | |
| ७ | | | | |
| ८ | | | | |
| ९ | | | | |
| १० | | | | |
| ११ | | | | |
| १२ | | | | |
| १३ | | | | |
| १४ | | | | |
| १५ | | | | |
| १६ | | | | |
| १७ | | | | |
| १८ | | | | |
| १९ | | | | |
| २० | | | | |